# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, साउन ९ गते, २०८० साल (अतिरिक्ताङ्क १७(ख)

## भाग ३

### नेपाल सरकार

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना

**नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८०**

नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८०" रहेको छ ।

(२) यो आदेश संवत् २०८० साल साउन ९ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) आदेश, २०७७ को दफा २५ मा संशोधनः</u>** नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) आदेश, २०७७ को दफा २५ को उपदफा (१) मा रहेका "दुई वर्ष" भन्ने शब्दहरुको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु र "पैंतालीस दिनमध्ये" भन्ने शब्दहरुको सट्टा "तीस दिनमध्ये" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**सुरेश अधिकारी**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।